नेपाल गजेट

भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, पौष १३ गते २०१६ साल

निर्वाचन आयोगको सूचना

जनप्रतिनिधित्व ऐन २०१५ र, वा सोही ऐन अन्तर्गत बनेको नियम र निकालिएको आदेश अनुसार प्रतिनिधि सभाको सदस्यको उपनिर्वाचन गर्न निर्वाचन क्षेत्र नं. ७० थलारा डोटी उत्तरलाई आव्हान गर्दै सो ऐनको दफा ६५ अनुसार यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले–
श्यामकृष्ण भट्टराई,
सचिव,
निर्वाचन आयोग ।

निर्वाचन आयोगको सूचना

जनप्रतिनिधित्व ऐन २०१५ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले निर्वाचन क्षेत्र नं. ७० थलारा डोटी उत्तरमा उपनिर्वाचन गर्न देहायको कामलाई देहाय वमोजिम मिति तोकेकोले यो सूचना प्रकाशित गरिएकोछ. ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) नोमिनेशनपत्र दाखिल गर्ने:– २०१६ साल पौष १३ गतेदेखि २०१६ साल पौष २९ गते सम्म ।

(ख) नोमिनेशनप जांच गर्ने मिति– २०१६ साल माघ ५ गते ।

(ग) उमेदवारबाट नाम फिर्तालिने आखिरी मिति– २०१६ साल माघ ८ गते सम्म ।

(घ) मत लिन मिति– २०१६ साल चैत्र १० गते ।

आज्ञाले--
श्यामकृष्ण भट्टराई,
सचिव,
निर्वाचन आयोग ।

निर्वाचन आयोगको सूचना

जनप्रतिनिधित्व नियमावली २०१५ को नियम ४६ अन्तर्गत निर्वाचन आयोगले निर्वाचन क्षत्र नं. ७० थलारा डोटी उत्तरमा मत लिने कामको निमित्त तोकिएको मितिमा विहान ८ बजे देखि वेलुका ४ बजेसम्म मत लिने समय ठेगान गरेकोले सर्वसाधारणको जानकारीको निमित्त यो सूचना प्रकाशित गरिएकोछ ।

आज्ञाले--
श्यामकृष्ण भट्टराई,
सचिव,
निर्वाचन आयोग ।

निर्वाचन आयोगको सूचना

जनप्रतिनिधित्व ऐन २०१५ को दफा ३९ बमं जिम यस आयोगबाट मिति ०१६।६।१५ अतिरिक्ताङ्क १६ को नेपाल गजेटमा प्रकाशित सूचना अनुसार फलावाङ राज्य दाङ उत्तर पश्चिमको निमित्त गठन गरिएको ट्रिवुनलले जाँच बुझ गर्ने स्थान दाङ मानपुर बजार तोकिएकोमा हाल उक्त ट्रिवुनलले जाँच बुझगर्ने स्थान दाङ घोराही तोकिएकोले सर्व साधारणको जान कारीको निमित्त यो सूचना प्रकाशित गरिएकोछ ।

आज्ञाले--
श्यामकृष्ण भट्टराई,
सचिव
निर्वाचन आयोग ।

५५८

गोरखापत्र छापाखानामा मुद्रित.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।